# एभरेष्ट कलर लिमिटेड

केन्द्रिय कार्यालय, मध्यपुर थिमी-३, भक्तपुर ।
फोन नं. ०१-६६३४८०२

## ***दोश्रो बार्षिक साधारण सभा सम्बन्धी सूचना ।।।***

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०५)**

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८२/०८/०१ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस एभरेष्ट कलर लिमिटेडको **दोश्रो बार्षिक साधारण सभा** निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको समुपस्थिती तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### सभा हुने मिति, स्थान र समय :

**मिति : २०८२ मंसिर २९ गते सोमबार (तद्नुसार १५ डिसेम्बर, २०२५)**
**स्थान : त्रिशक्ति बैंक्वेट, कौशलटार, भक्तपुर**
**समय : बिहान १०:०० बजे**

**सभामा छलफलका लागि प्रस्तुत गरिने प्रस्तावित विषयहरु:**

**(क) सामान्य प्रस्तावहरु तर्फ :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने ।

(३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु तर्फ :**

(१) सर्वसाधारण समूहलाई प्राथमिक शेयर निष्काशन (Initial Public Offering) सम्बन्धमा ।

(२) प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

**(ग) विविध :**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी:**

(१) वार्षिक साधारण सभामा भाग लिने महानुभावहरुले आफु शेयरधनी रहेको स्पस्ट खुल्ने परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

(२) शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ९:०० वजे देखि १०:०० वजे सम्म खुल्ला रहनेछ ।

(३) प्रतिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

(४) साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालयमा तथा फोन नं ०१-६६३४८०२ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

**साधारणसभा सम्बन्धी अन्य जानकारीका लागि everestcolour.com हेर्नु होला।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

everestcolour.com

## दोश्रो बार्षिक साधारण सभा सम्बन्धी थप जानकारी :

१) साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कार्यालय समय भित्र कम्पनीको रजिर्ष्टड कार्यालय, मध्यपुर ठिमी-३, भक्तपुरमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

३) कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०८२।०८।१४ गते (एक दिन) बन्द रहनेछ ।

४) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

५) कुनै एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने अधिकार हुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधि फेरबदल गर्न चाहेमा मिति २०८२।०८।२८ गते अपरान्ह २:०० बजे भित्र सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

७) नावालक शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८) संयुक्त रूपमा शेयरधनी कायम गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९) छलफलका विषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

१०) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, मध्यपुर ठिमी-३, भक्तपुरमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**पुनश्च:**

**कम्पनीबाट वार्षिक साधारण सभामा छलफल हुने विषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूको ठेगानामा पठाईनेछ । कुनै शेयरधनी महानुभावले उक्त सूचना प्राप्त गर्न असमर्थ भएमा यसै सूचनालाई आधार मानी साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

everestcolour.com